नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ७४ २०८२ साल असोज ३० गते बिहीबार (16 Oct 2025 Thursday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : नेतृत्वको अनुहार होइन... ३ पृष्ठमा : जलविद्युत् आयोजनाको ... ३ पृष्ठमा :भारतको राजस्थानमा ...

## मधेश प्रदेशको मुख्यमन्त्रीमा सोनार नियुक्त



**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

मधेस प्रदेशको मुख्यमन्त्रीमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का जितेन्द्र सोनार नियुक्त भएका छन् ।

नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सोनारलाई बुधबार मुख्यमन्त्रीमा नियुक्त गरेकी हुन् ।

सोनारलाई बुधबारै प्रदेश प्रमुखको कार्यालयबाट औपचारिक रूपमा नियुक्तिपत्र प्रदान गरिएको छ । अब उनले संविधानले तोकेको म्यादभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्नेछ ।

बुधवार मधेश प्रदेशको ठूला दुई दल नेपाली काँग्रेस र नेकपा एमालेबाहेक अन्य पाँच वटा दल मिलेर लोसपा नेपालका उपाध्यक्ष एवं प्रदेश सांसद जितेन्द्र सोनारको नेतृत्वमा सरकार बनाउन ५६ जना सांसदले हस्ताक्षर प्रदेश प्रमुखलाई बुझाएका थिए ।

जसमा जसपाको १९, जनमतको १३, माओवादी केन्द्रको ९, लोसपाको ८ र नेकपा एसको ७ प्रदेश सांसदले हस्ताक्षर गरेका थिए ।

## प्रहरीलाई नै धम्क्याएको आरोपमा यूटुवर मानव पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

प्रहरी जवानदेखी प्रहरीका उच्च अधिकारी सम्मलाई धम्क्याउने र अभद्र व्यवहार गरेको आरोपमा एक युटुवरलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका २४ घर भएका ३९ वर्षिय मनोज मानव भन्ने मनोज महतो पक्राउ परेका हुन ।

आफुलाई स्टार अनलाइन न्युज च्यानलको पत्रकार हुँ भन्दै प्रहरीलाई धम्क्याउने र अभद्र व्यवहार गरेको आरोपमा उनलाई पक्राउ गरिएको सप्तरी प्रहरीले जनाएको छ ।



असोज २७ गते साँझ राजविराज ५ बाट पक्राउ परेका महतोलाई असोज २८ गते मंगलवार प्रहरीले अभद्रं व्यवहार कसुरमा जिल्ला प्रशासन कार्यालय सप्तरीबाट सात दिनको म्याद थपेर आवश्यक अनुसन्धान गरी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले जानकारी दिए ।

पक्राउ परेका मानवले कन्ट्रोल कक्षमा ड्युटीमा रहेका प्रहरी जवान आर्दश कुशवाहालाई ९८५२८३३४०८ नम्बरको मोवाईलबाट फोन गरी थर्काएको, अपशब्द प्रयोग गरेको र उनैबाट आफ्नो मोबाईल नम्बर लिई आफुलाई समेत फोन मार्फत त्यस्तै व्यवहार देखाएको प्रहरी नायब उपरिक्षक पुरीले बताए ।

पक्राउ परेका मानवमाथी यस अघि २०७४ साल असोज २२ मा केही सार्वजनिक अपराध, २०८० कार्तिक २१ मा साईबर ब्यूरोमा विद्युतीय कारोबार, २०८० माघ १२ गते विद्युतीय कारोबार, २०८१ जेठ २८ मा ज्यान, अपहरण तथा शरीर बन्धक र २०८१ पुष २० मा अभद्र व्यवहार सम्बन्धि कसुरमा पक्राउ गरी कारवाही भएको प्रहरीले जनाएको छ ।

## थानकोट प्रहरी बृतबाट फरार प्रतिवादी सप्तरीमा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

लागुऔषध खैरो हिरोईन (ब्राउन सुगर) मुद्दामा अनुसन्धानको क्रममा प्रहरी बृत थानकोट काठमाडौंको प्रहरी हिरासत कक्षबाट फरार भएका एक प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा हिरासत कक्षबाट फरार भएका सिरहाको बिष्णुपुर गाउँपालिका वडा न. ३ बस्ने बर्ष २१ वर्षिय अमन यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीले असोज २८ गते सप्तरीको रुपनी गाउँपालिका वडा नं. ६ बिरेन्द्र बजारबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका यादवलाई आवश्यक कारवाहीका लागि प्रहरी बृत थानकोट काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरिक्षक डम्बर पुरीले जानकारी दिए ।

## छुट्टाछुट्टै घटनामा दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

सप्तरी हनुमाननगर कंकालिनी नगरपालिकामा भएको दुई छुट्टाछुट्टै घटनामा दुई जनाको मृत्यु भएको छ ।

वडा नं. ५ जोगिनायाँ घर भएका ४२ बर्षीय नरेश यादवको चौताराबाट लडेर मंगलबार राति मृत्यु भएको हो ।

यादव अत्याधिक मादक पदार्थ सेवन गरेर सोही ठाउँ स्थित जोगिनिया बाँधमा रहेको रुखको चौतारामा बसिरहेको अवस्थामा अचानक तीन मिटर तल लडी घाईते भएका थिए ।

घाइते भएका उनलाई भारदह अस्पतालमा सप्तरीमा सामान्य उपचार पश्चात थप उपचारका लागी सुनसरीमा लगिएकोमा मंगलबार राती चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर पुरीले जानकारी दिए ।

यस्तै सोही नगरपालिका वडा नं. ३ गितखोरा घर भएका ५५ बर्षीय महिला सबुरी खंगको मृत्यु भएको छ । एकसाता अघि घाँसमा छर्ने बिषादी सेवन गरी सिकिस्त हुनु भएका उनलाई राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पतालमा उपचार पछि थप उपचारका लागि नोवेल अस्पताल विराटनगर लगिएको थियो ।

***बाँकी अन्तिम पृष्ठमा***

## निवर्तमान मुख्यमन्त्री सिंहसहित दुई सासंदले रोजे जनस्वराज पार्टी

**दैनिक समाचारदाता**
**जनकपुर, २९ असोज ।**

मधेस प्रदेशमा जनमत पार्टीका दुई जना प्रदेश सांसदले जनस्वराज पार्टीमा सनाखत गरेका छन् ।

मधेस प्रदेशका निवर्तमान मुख्यमन्त्री एवं जनमत पार्टीका प्रदेश सभा सदस्य सतिशकुमार सिंह र त्रिभुवन साहले जनस्वराज पार्टीमा सनाखत गरेका छन् ।

निर्वाचन कार्यालय धनुषामा गएर उनीहरुले सनाखत गरेका हुन् । उनीहरू सनाखत गर्न जाँदा दुई पक्षको बिचमा नाराबाजी भएको थियो ।

जनमत पार्टी र जनस्वराज पार्टीका नेता तथा कार्यकर्ताहरूले नाराबाजी गर्दा दुवै पक्षबिच झडप समेत भएको थियो ।

जनमत पार्टीका १३ सांसद रहेका छन् । त्यसमध्ये दुई जना जनस्वराज पार्टीमा गएपछि जनमत पार्टीसँग ११ सांसद रहेका छन् ।

**मुटुलाई माया गरौं ।**

मुटुलाई स्वस्थ राख्नः

- नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
- नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
- धूम्रपान र मद्यपान नगरौं,
- ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
- पर्याप्त मात्रामा सुतौं,
- सक्रिय जिवनशैली अवलम्वन गरौं,

मुटुको नियमित परीक्षण गरौं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# पर्सामा एक अर्ब ६२ करोड पुँजीका ९६३ घरेलु उद्योग दर्ता

वीरगञ्ज (पर्सा), २९ असोज (रासस) ।

गत आर्थिक वर्षमा पर्सामा रु एक अर्ब ६२ करोड ५६ लाख ८५ हजार ५०० लगानी गर्ने भन्दै नौ सय ६३ वटा नयाँ घरेलु उद्योग दर्ता भएका छन् ।

गत आवमा दर्ता भएका ती घरेलु उद्योगको स्थिरपुँजीतर्फ रु एक अर्ब पाँच करोड ७७ लाख नौ हजार ३६० रहेको छ। त्यस्तै चालुपुँजीतर्फ भने रु ६७ करोड ४४ लाख सात हजार पाँच सय ४० रहेको छ ।

घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्जका प्रमुख उद्योग अधिकृत पवन पञ्जीयारले गत आवमा दर्ता भएका नौ सय ६३ घरेलु उद्योगले दुई हजार ८९८ जनालाई रोजगारी सिर्जना गर्ने बताउनुभयो ।

"पर्सा जिल्लामा घरेलु उद्योग दर्ता गर्ने उद्यमीहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ । गत आवमा दर्ता भएका घरेलु उद्योगले एक हजार ७३७ पुरुष र एक हजार १६१ जना महिलालाई रोजगारी दिने जनाएका छन्", उहाँले भन्नुभयो ।

कार्यालयका अनुसार गत आवमा जिल्लामा उत्पादकमूलक उद्योगतर्फ दुई सय १८ नयाँ उद्योग दर्ता भएका छन् । ती उद्योगको कूल पुँजी भने रु ४३ करोड ८२ लाख रहेको छ। कृषि तथा वन अन्य उद्योगतर्फ भने एक सय ४४ वटा उद्योग दर्ता हुँदा ती उद्योगको कूल पुँजी रु ३९ करोड ३५ लाख रहेको पञ्जीयारले जानकारी दिनुभयो ।

उहाँका अनुसार निर्माणतर्फ कूल पुँजी रु १० करोड ३३ लाख रहने गरी ७५, पर्यटन उद्योगतर्फ कूल पुँजी रु दुई करोड २३ लाख रहने गरी एक सय छ, सेवातर्फ कूल पुँजी भने रु ६६ करोड ८२ लाख रहने गरी चार सय २० वटा नयाँ उद्योग दर्ता भएका छन् ।

# सर्वोच्च बारद्वारा निष्पक्ष चुनावका लागि सघाउने प्रतिबद्धता

काठमाडौं, २९ असोज (रासस) ।

सर्वोच्च अदालत बार एसोसिएसनले आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्य निर्वाचलाई स्वच्छ, स्वतन्त्र र निष्पक्ष तुल्याउने सरकारको अभियानमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ ।

गृहमन्त्री ओमप्रकाश अर्यालसँग सर्वोच्च अदालत बार एसोसिएसनका कार्यवाहक अध्यक्ष अम्बर राउतसहितका पदाधिकारीले बुधवार भेट गरी मुलुकमा शान्ति सुव्यवस्था र आमजनतामा सुशासनको प्रत्याभूति दिलाउन आग्रह गर्नुभयो ।

उहाँहरूले भ्रष्टाचार नियन्त्रण, कानुनी शासनलगायत जेनजी पुस्ताले उठाएको माग सम्बोधन गर्न पनि सरकारको ध्यानाकर्षण गराउनुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेतृत्वको अनुहार होइन, शासन व्यवस्थाको आत्मा बदल्ने क्रान्ति आवश्यक

**राजेश विद्रोही**

नेपालका साधारण नागरिक जुनसुकै कारण, षड्यन्त्र वा दलतन्त्रको दलदलबाट वाक्कदिक्क भइसकेका छन् । उनीहरूले केवल बुढा पुस्ता फेर्ने चाहना राखेका होइनन्; उनीहरू गहिरो, आमूल र संरचनागत परिवर्तनको आकाङ्क्षा बोकेका छन् । अहिले जनतामा परिवर्तनको माग केवल नेताको अनुहार बदल्ने वा दलको नाम बदल्ने स्तरमा सीमित छैन । जनताको चाहना सुशासन, पारदर्शिता, शान्ति, सुरक्षा, समावेशिता, भ्रष्टाचार र अपराध नियन्त्रण, वैदेशिक हस्तक्षेप रोकथाम, असमान सन्धिसम्झौता खारेजी, राष्ट्रिय स्वाभिमान र सार्वभौमसत्ताको रक्षा, सिमानाको स्थायित्व, उद्योगीकरण र आत्मनिर्भर अर्थतन्त्रको स्थापना हो । यी अपेक्षा केवल भावनात्मक नारा होइनन्, दशकौंदेखि दोहोरिँदै आएको राजनीतिक अस्थिरता, आर्थिक असमानता र संस्थागत कमजोरीको परिणामस्वरूप जन्मिएको यथार्थ हो ।

नेपालको पछिल्लो स्थिति हेर्दा स्पष्ट हुन्छ, देश राजनीतिक रूपले स्थिर छैन । विभिन्न दलहरूको सत्ताकाल छोटो हुँदै गएको छ र प्रत्येक सरकारले अघिल्लो सरकारको निर्णय उल्टाउने प्रवृत्ति विकास भएको छ । सुशासन र पारदर्शिता भनेको जनतासमक्ष जवाफदेही प्रणाली हो तर नेपालमा त्यो अझै राजनीतिक बकपत्रमा मात्र सीमित छन् । ट्रान्सपेरेन्सी इन्टरनेसनलको तथ्याङ्क अनुसार (२०२४) नेपाल १८० देशमध्ये १०८औं स्थानमा छ र अङ्क ३५ मात्र पाएको छ । जसले देखाउँछ कि सार्वजनिक क्षेत्रमा भ्रष्टाचार अझै उच्च स्तरमा छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले हरेक वर्ष हजारौं उजुरी दर्ता गर्छ तर ठुला माछा प्रायः सजिलै उम्किन्छन् । न्यायिक प्रणालीमा ढिलाइ, अनुसन्धान निकायमा राजनीतिक हस्तक्षेप र सरकारी ठेक्का प्रक्रियामा पारदर्शिताको कमीले जनविश्वास क्रमशः घट्दै गएको छ ।

अपराध दर पनि घटेको छैन । प्रहरीको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०२२/२३ मा मात्र देशभर ५६ हजारभन्दा बढी अपराध घटना दर्ता भएका छन् । २०२४/२०२५ मा यो सङ्ख्यामा तीव्र वृद्धि भएको देखिन्छ । अपराध दर उच्च हुने ठाउँमा बेरोजगारी, सामाजिक असमानता र न्यायको ढिलाइ सिधै सम्बन्धित देखिन्छ । अर्कोतर्फ सिमाना सुरक्षामा कमजोरी, वैदेशिक हस्तक्षेप र असमान सन्धि-सम्झौताले राष्ट्रिय स्वाधीनता खतरामा छ । सामाजिक सङ्घसंस्थाको प्रभावमार्फत विदेशी स्वार्थको प्रभाव असामान्य बनिसकेको छ । यी संस्थाहरूको पारदर्शिता, वित्तीय स्रोत र क्रियाकलापमा नियमनको अभावले जनचेतनामा असन्तुष्टि फरक ढङ्गले चुलिएको छ ।

राजनीतिक रूपमा अस्थिर र संस्थागत रूपमा कमजोर भएपछि देशमा जनता विकल्प खोज्न थाल्छन् । त्यो विकल्प भनेको केवल पार्टी परिवर्तन होइन, प्रणाली परिवर्तन हो । अहिलेको मुख्य समस्या नेतृत्वको निरन्तर प्रतिस्थापन होइन, प्रणालीगत सुधारको अभाव हो । हरेक पाँच वर्षमा निर्वाचन हुन्छ तर शासनशैली र सोचमा कुनै मौलिक रूपान्तरण देखिँदैन । जनप्रतिनिधि विजयी भएपछि जनताको जीवनभन्दा आफ्नो सुविधा र सत्ता जोगाउने चिन्तामा व्यस्त हुन्छन् । सरकारी सेवा, ठेक्का प्रणाली, नियुक्ति, पदोन्नति सबैमा राजनीतिक निष्ठा नै मुख्य मापदण्ड बनेको छ । यस्तो अवस्थामा आम नागरिकको आस्था राजनीतिक संस्थाबाट हराउँदै गएको छ ।

जनताको अपेक्षा स्पष्ट छ– सुशासन, पारदर्शिता, शान्ति र सुरक्षा । शान्ति र सुरक्षा भनेको अपराध घटाउने कुरा मात्र होइन, नागरिकलाई स्वतन्त्रता, न्याय र अवसरको अनुभूति गराउने अवस्था पनि हो । नेपालमा सुशासनको पहिलो सर्त हो, संस्थागत स्वतन्त्रता । अख्तियार, अडिटर जनरल, न्यायपालिका र मानवअधिकार आयोगलाई स्वतन्त्र र राजनीतिक दबाबमुक्त बनाइनु जरुरी छ । यससँगै वित्तीय व्यवस्थापन प्रणालीमा पूर्ण पारदर्शिता र अनुगमन हुनुपर्छ । सार्वजनिक लेखा प्रणाली डिजिटल र जनसुलभ बनाइएमा नागरिकले करको उपयोग कहाँ भयो भनेर प्रत्यक्ष हेर्न सक्ने वातावरण बन्न सक्छ ।

भ्रष्टाचार र अपराध नियन्त्रणको अर्को माध्यम छ– कानुनी कार्यान्वयनको गति र निष्पक्षता । अनुसन्धान निकायलाई बलियो, स्वायत्त र संसाधनयुक्त बनाइएमा अपराध घटाउन सकिन्छ । अपराध दर वार्षिक रूपमा घटाउने लक्ष्य राखेर प्रहरी संरचना र सामुदायिक सुरक्षा संयन्त्रलाई पुनर्गठन गर्नुपर्छ । न्यायिक प्रक्रिया द्रुत बनाउन विशेष अदालत र डिजिटल सुनुवाइ प्रणाली विस्तार गर्न सकिन्छ ।

देश विकासका लागि समावेशिता अनिवार्य सर्त हो । राज्यका नीति-निर्माणदेखि कार्यान्वयनसम्म महिला, दलित, मधेसी, आदिवासी, थारु, पिछडा वर्ग र ग्रामीण क्षेत्रका जनताको प्रतिनिधित्व हुनुपर्छ । अहिले शिक्षा, स्वास्थ्य, यातायात, रोजगार र पूर्वाधार पहुँचमा क्षेत्रीय असमानता गहिरो छ । मधेश र हिमाल दुवै क्षेत्रमा आधारभूत पूर्वाधार अभाव छ । सरकारको नीति बजेट वितरणमा असमानता घटाएर समान अवसर सुनिश्चित गर्नुपर्छ ।

राष्ट्रिय स्वाधीनता र सिमानाको स्थायित्व अहिलेका सबैभन्दा संवेदनशील विषय हुन् । सबै सन्धिसम्झौता ( विशेष गरी सिमानासम्बन्धी) पारदर्शी रूपमा सार्वजनिक हुनुपर्छ । संवैधानिक मापदण्ड अनुसार पुनरवलोकन गर्ने प्रक्रिया र जनमत आधारित स्वीकृति प्रणाली विकास गर्नुपर्छ । यसैगरी एनजीओ-आईएनजीओका गतिविधि वित्तीय स्रोत र परियोजना नियमन कानुनी रूपले स्पष्ट हुनुपर्छ । विदेशी सहयोग जनमुखी र पारदर्शी होस्, दाताको स्वार्थमा होइन ।

जनचेतना र नागरिक सहभागिता परिवर्तनको मूल शक्ति हुन् । जनतालाई अधिकार र कर्तव्यबारे शिक्षित बनाउने नीति आवश्यक छ । विद्यालय स्तरदेखि नै नागरिक शिक्षा अनिवार्य हुनुपर्छ । मिडिया स्वतन्त्र र उत्तरदायी रहोस्, पत्रकारिता दबाब र प्रलोभनबाट मुक्त रहोस् । सामाजिक सञ्जालमा देखिएको युवाको सक्रियता र सचेतता सकारात्मक दिशामा उपयोग गर्न सक्नुपर्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको नेतृत्वमा दृढ इच्छाशक्ति र नैतिक बल हो । अहिलेको नेतृत्वले राष्ट्रको हितभन्दा व्यक्तिगत र दलगत लाभलाई प्राथमिकता दिएको आरोप सर्वत्र छ । नेतृत्वले स्वशुद्धीकरण गर्न नसकेसम्म जनता वैकल्पिक आन्दोलनमा जाने सम्भावना बढ्दो छ । बलियो सरकार भनेको केवल बहुमतको सरकार होइन, आन्तरिक रूपले अनुशासित, जवाफदेही र जनउत्तरदायी सरकार हो ।

निष्कर्षमा भन्नुपर्दा नेपालले केवल नेताहरू बदल्ने होइन, शासनको चरित्र बदल्न जरुरी छ । सङ्क्रमणकाल सदाका लागि समाप्त गर्न राजनीतिक इच्छाशक्ति, संस्थागत सुधार, कानुनी सुदृढता र जनसहभागिता एकसाथ अघि बढ्नुपर्छ । सुशासन, समावेशी विकास, स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा सुनिश्चित गर्ने नीतिहरू व्यवहारमा लागू गर्न सके मात्र नागरिकले आमूल परिवर्तनको अनुभूति गर्न सक्नेछन् ।

नेपालमा जनताको धैर्य समाप्त हुँदै गएको छ । अब पनि परिवर्तन भाषणमा सीमित रह्यो भने देश स्थायी अराजकताको दिशामा धकेलिन सक्छ । किनभने स्थिति निकै कमजोर बनेको छ । त्यसैले यो युगको मुख्य आवश्यकता हो– नेतृत्वको अनुहार होइन, शासन व्यवस्थाको आत्मा बदल्ने क्रान्ति । यही बाटोले मात्रै सदाका लागि सङ्क्रमणकालको अन्त्य र स्थायी सुशासनयुक्त नेपाल निर्माण गर्न सक्छ ।

*रातोपाटीबाट*

# विदेश पढ्न जानेले एक महिनामै लगे रु ३२ अर्ब ७६ करोड

काठमाडौं, २९ असोज (रासस) ।

उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीमार्फत ठूलो मात्रामा रकम विदेशिएको पाइएको छ ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आवको दोस्रो महिनाको आर्थिक विवरणअनुसार, भदौमा मात्रै विदेश जाने विद्यार्थीले रु ३२ अर्ब ७६ करोड लगेका छन् । अघिल्लो वर्षको सोही अवधिमा यस्तो रकम रु २८ अर्ब २० करोड थियो ।

समीक्षा अवधिमा सेवा खाताअन्तर्गत भ्रमण व्यय नौ दशमलव छ प्रतिशतले वृद्धि भई रु ४७ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु ४३ अर्ब १८ करोड रहेको थियो ।

यस्तै, खुद सेवा आय रु ३१ अर्ब १६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु २७ अर्ब ९३ करोडले घाटामा रहेको थियो ।

सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय नौ दशमलव आठ प्रतिशतले वृद्धि भई रु ११ अर्ब ५८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु १० अर्ब ५५ करोड रहेको थियो ।

# जलविद्युत् आयोजनाको विद्युत् खरिदको प्रतिस्पर्धी दर तय गरौं : मन्त्री घिसिङ

काठमाडौं, २९ असोज (रासस)।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले जलविद्युत् आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता (पिपिए)को प्रतिस्पर्धी दर तय गर्न विद्युत् नियमन आयोगलाई आग्रह गर्नुभएको छ।

आयोगको गत आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन आज बुझ्दै मन्त्री घिसिङले जलविद्युत् आयोजनाबाट उत्पादित ऊर्जालाई थप सर्वसुलभ, प्रतिस्पर्धी र पारदर्शी बनाउन प्रतिस्पर्धी आधार दर तय गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। आयोगका अध्यक्ष रामप्रसाद धितालले प्रतिवेदन मन्त्री घिसिङसमक्ष पेस गर्नुभएको थियो।

आयोगका पदाधिकारीलाई निर्देशन दिँदै मन्त्री घिसिङले भन्नुभयो, “सौर्य ऊर्जाको हाल प्रतिस्पर्धी आधार दर रहेको छ जसले पिपिएलाई प्रतिस्पर्धी र पारदर्शी बनाएको छ, त्यसैगरी जलविद्युत् आयोजनाको पिपिएको वास्तविक मूल्य तय गर्न, प्रक्रियालाई स्तरीय बनाएर पिपिए प्रतिस्पर्धाबाट गर्न आधार दर तय गर्ने र बोलपत्रसम्बन्धी कागजात तयार गर्नुहोस्।”

नेपाल विद्युत् प्राधिकरणले हाल सौर्य ऊर्जा प्रतिस्पर्धाबाट खरिद गर्दै आएको छ। त्यसका लागि प्रतिस्पर्धाको अधिकतम आधार दर प्रतियुनिट पाँच रुपैयाँ ९४ पैसा रहेको छ। जलविद्युत् आयोजनाको पिपिए दर वर्षा र हिउँदयामका लागि प्रतियुनिट दर क्रमशः चार रुपैयाँ ८० पैसा र आठ रुपैयाँ ४० रहेको छ।

नियमनकारी निकायले गर्ने कामलाई प्रभावकारी बनाउन आयोगका पदाधिकारीलाई निर्देशन दिँदै मन्त्री घिसिङले निजी क्षेत्रलाई प्रवर्द्धन एवं प्रोत्साहन र प्राधिकरणलाई दिगो बनाउने गरी आफ्ना क्रियाकलापमा केन्द्रित हुन आग्रह गर्नुभयो।

# धानखेतमा नवजात शिशु फेला

जलेश्वर (महोत्तरी), २९ असोज (रासस)।

महोत्तरीको जलेश्वर नगरपालिका-४ स्थित धान खेतमा बुधवार दिउँसो एक नवजात शिशु फेला परेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टका अनुसार दिउँसो करिब २ बजे भार्गवसर पोखरी नजिकैको धानखेतमा अन्दाजी १५/१६ दिनको पुरुष शिशु जीवितै फेला परेको हो।

जीउमा हल्का निलो रङगको लुगा लगाएको र गुलाफी रङगको कपडामा बेरिएको अवस्थामा रहेको उक्त शिशुलाई वनमा घाँस काट्न गएका स्थानीयहरुले धानखेतमा देखेपछि प्रहरीलाई जानकारी गराएका थिए।

प्रहरीले उक्त शिशुलाई तत्काल स्वास्थ्य परीक्षणको लागि प्रादेशिक अस्पताल जलेश्वर पुऱ्याएको छ भने शिशु पूर्णरुपमा स्वस्थ र सुरक्षित रहेको जनाइएको छ। शिशु कसको हो भन्ने सम्बन्धमा प्रहरीले अनुसन्धान अगाडि बढाएको छ। धानखेतमा कि छाडेको भन्ने सम्बन्धमा जिल्लाका सबै प्रहरी युनिटमा खोजतलासका लागि जानकारी गराइएको प्रनाउ भट्टले बताउनुभयो।

# ६ महानगर र ११ उपमहानगरभित्र घर जग्गाको कारोबार गर्दा अनुमति लिनुपर्ने

काठमाडौं, २९ असोज (रासस)।

सरकारले रु तीन करोड मूल्यभन्दा माथिको घरजग्गा कारोबार कम्पनीमार्फत गर्दा अनिवार्य अनुमति लिनुपर्ने व्यवस्था गरेको छ। घरजग्गा कारोबारका लागि सीमा निर्धारण गर्दै सरकारले कम्पनी दर्ता र जग्गाको क्षेत्रफल जतिसुकै भएपनि हुने व्यवस्था गरेको हो।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मालपोत ऐन, २०३४ को दफा २६ (क) र (ख)को प्रयोजनका लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको छ। घरजग्गा कारोबार गर्ने क्षेत्रका रुपमा हाल छ वटा महानगरपालिका र ११ वटा उपमहानगरपालिका तोकेको छ।

काठमाडौं, ललितपुर, विराटनगर, विरगञ्ज, भरतपुर र पोखरा महानगरपालिकाभित्र हुने घरजग्गाको कारोबार गर्दा अब अनुमति लिनुपर्नेछ। यस्तै, धरान, इटहरी, जनकपुरधाम, जीतपुरसिमरा, कलैया, हेटौडा, बुटवल, घोराही, तुल्सीपुर, नेपालगञ्ज र धनगढी उपमहानगरपालिकाभित्र पनि सोही व्यवस्था बमोजिम नै घरजग्गाको कारोबार हुने जनाइएको छ।

घरजग्गाको कारोबार गर्ने क्षेत्रफल जतिसुकै भएपनि हुने र एक पटकमा रु तीन करोडभन्दा माथिको कारोबार गर्दा अनुमति लिनुपर्ने भएको हो। त्यसका लागि भूमि व्यवस्था तथा अभिलेख विभागका महानिर्देशकलाई सम्बद्ध अधिकारी तोकिएको छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव केदारनाथ शर्माले सोमबार राजपत्रमा सूचना प्रकाशित भएको जानकारी दिनुभयो। यस्तै, मन्त्रालयले भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१ र सो आदेश बमोजिम गठन भएको भूमि समस्या समाधान आयोग र सबै जिल्लामा गठन भएका समिति समेत खारेज गर्ने निर्णय भएको जानकारी दिनुभयो।

# नियमित हात धुनु कुपोषण न्यूनीकरणमा सहायक : उपराष्ट्रपति यादव

काठमाडौं, २९ असोज (रासस)।

उपराष्ट्रपति रामसहायप्रसाद यादवले स्वच्छता नै स्वास्थ्यको आधार भएकाले नियमित हात धुनु कुपोषण, स्वास्थ्य समस्या तथा अन्य रोगहरुको न्यूनीकरणमा सहायक हुने बताउनुभएको छ।

विश्व हात धुने दिवस, २०२५ को शुभकामना व्यक्त गर्दै उहाँले यो दिवसले सबैलाई स्वच्छता र स्वास्थ्यप्रति सजग रहन टेवा पुग्ने र यस अवसरमा आयोजना हुने जनचेतनामूलक कार्यक्रमले हात धुनुको सरल र प्रभावकारी अभ्यासलाई जीवनशैलीमा समावेश गर्न उत्प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो।

विश्व हात धुने दिवस (अक्टोबर १५) को अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा स्वच्छ, सुरक्षित र स्वस्थ जीवनका लागि उहाँले शुभकामना व्यक्त गर्नुभएको छ।

उपराष्ट्रपति यादवले नियमित हात धुँदा विभिन्न रोगको जोखिम कम हुनुका साथै यसले सामाजिक लाभ, आर्थिक बचत र दीर्घकालीन स्वास्थ्य सुरक्षाको सुनिश्चितता प्रदान गर्ने बताउनुभयो।

“विश्व हात धुने दिवसको सार्थकता तब मात्र पुष्टि हुन्छ। जब सबैले हात धुनुलाई आफ्नो दैनिक जीवनको अभिन्न हिस्सा बनाउँछन्, त्यसैले सबैले स्वच्छता र स्वास्थ्यप्रति प्रतिबद्ध रहँदै नियमित हात धुने अभ्यास गरौं र स्वस्थ समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं”, उहाँले भन्नुभयो।

हात धुनु हैजा, झाडापखाला, रुघाखोकी, निमोनियालगायत सङ्क्रमणजन्य रोगबाट बच्ने सजिलो, सस्तो र प्रभावकारी उपाय हुन्। साबुन र पानीको प्रयोग गरी कम्तीमा २० सेकेण्डसम्म हात धुनु, औंलाहरू, नङहरू राम्ररी सफा गर्नु, हात सफा गरी खाना पकाउनु र खानुअघि, बाथरुम प्रयोग गरेपछि, खोक्दा वा हाछ्युँ गर्दा, नाक छोएपछि हात धुनु अत्यावश्यक छ।

यसले व्यक्तिगत स्वास्थ्यमा सुधार ल्याउनुका साथै समुदायलाई रोगमुक्त बनाउने दिशामा योगदान पुऱ्याउँछ।

# अख्तियारले लग्यो अनुसन्धानका लागि फोहर पानी प्रशोधन केन्द्रको कागजात

वीरगञ्ज (पर्सा), २९ असोज (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वीरगञ्ज महानगर मातहतको फोहर पानी प्रशोधन केन्द्रको कागजात अनुसन्धानका लागि लगेको छ।

आयोगको टोलीले सहरी विकास मन्त्रालय र वीरगञ्ज महानगरको संयुक्त लगानीमा निर्माण गरिएको फोहर पानी प्रशोधन केन्द्रसँगसम्बन्धित उजुरी परेपछि आवश्यक कागजात अनुसन्धानका लागि लगेको हो।

आयोगको कार्यालय हेटौंडाका सूचना अधिकारी विमोचन घिमिरेले आयोगको टोलीले सम्बन्धित कागजात लगेको बताउनुभयो।

“आयोगको टोलीले आवश्यक अनुसन्धानका लागि कागजात लगेको हो,” उहाँले भन्नुभयो। वीरगञ्ज महाननगर र सहरी विकास मन्त्रालयको संयुक्त लगानीमा करिब २७ करोड रुपैयाँमा यहाँ फोहर पानी प्रशोधन केन्द्र निर्माण गरिएको थियो।

## विश्व समाचार

### भारतको राजस्थानमा बसमा आगलागी हुँदा २० जनाको मृत्यु

नयाँदिल्ली, २९ असोज (रासस/सिन्ह्वा)।

भारतको पश्चिमी राज्य राजस्थानमा एक निजी बसमा आगलागी हुँदा मङ्गलबार कम्तीमा २० जनाको ज्यान गएको सरकारी अधिकारीहरूले बताएका छन्। उक्त चलिरहेको बस राजस्थानको जैसलमेर जिल्लास्थित थायत गाउँ नजिकै सडकमा अचानक आगो लागेको थियो। यो स्थान राजस्थानको राजधानी जयपुरबाट करिब ५४८ किलोमिटर पश्चिममा पर्दछ। अधिकारीहरूका अनुसार ५७ यात्रु सवार रहेको बस राजमार्गमा यात्रा गरिरहेको बेला पछाडिको भागबाट धुवा निस्कन थालेपछि चालकले बस रोकेका थिए। तर केही समयमै बस पुरै आगोमा परिणत भयो र धेरै यात्रुहरू बसमै फसे। केही घाइतेहरूको अवस्था गम्भीर रहेको जनाइएको छ। यद्यपि आगलागीको कारण अझै पत्ता लाग्न बाँकी रहेको बताइएको छ, प्रहरीका अनुसार बसको भित्र विद्युतीय सर्ट सर्किटका कारण आगो लागेको हुन सक्ने अनुमान गरिएको छ।

### पाकिस्तान-अफगान सीमा झडपमा १५ सर्वसाधारणको मृत्यु

स्पिन बोल्दाक, अफगानिस्तान, २९ असोज (रासस/एएफपी)।

अफगानिस्तान-पाकिस्तान सीमामा भएको झडपमा कम्तीमा १५ जना सर्वसाधारणको ज्यान गएको र ८० भन्दा बढी महिला तथा बालबालिका घाइते भएको अफगान अधिकारीहरूले बुधबार बताएका छन्। दक्षिणी अफगानिस्तानको स्पिन बोल्दाक क्षेत्रमा रातभर चलेको भीषण झडपमा आम सर्वसाधारणलाई गम्भीर क्षति पुगेको हो। स्थानीय सूचना विभागका प्रवक्ता अली मोहम्मद हक्मालका अनुसार, झडपमा १५ जना सर्वसाधारणको मृत्यु भएको पुष्टि गरिएको छ।

स्पिन बोल्दाक जिल्ला अस्पतालका अधिकारी अब्दुल जान बारकले एएफपीलाई जानकारी दिँदै भन्नुभयो,“झडपमा ८० भन्दा बढी महिला र बालबालिका घाइते भएका छन्।” तालिबान सरकारका प्रवक्ता जबीउल्लाह मुजाहिदले एक विज्ञप्ति जारी गर्दै, पाकिस्तानी सुरक्षाकर्मीहरूले ‘फेरि एकपटक हल्का र भारी हातहतियार प्रयोग गर्दै आक्रमण गरेको’ आरोप लगाएका छन्। उहाँका अनुसार, झडपमा १२ सर्वसाधारणको मृत्यु र १०० जनाभन्दा बढी घाइते भएका छन्। यद्यपि उक्त विज्ञप्तिमा सुरक्षाकर्मीहरूको हताहतीको विषयमा केही उल्लेख गरिएको छैन।

तालिबानले पाकिस्तानी सैनिकहरू मारिएपछि स्थिति सामान्य बनिसकेको र पाकिस्तानी चौकी र हतियार कब्जामा लिइएको जनाउको छ। झडपको असरले गर्दा क्षेत्रका सबै पसल, बजार र सार्वजनिक सेवा बन्द छन्। धेरै स्थानीय बासिन्दाहरू घर छोडेर सुरक्षित स्थानतर्फ पलायन गरेका छन्, एएफपीको स्थलगत रिपोर्टमा उल्लेख छ। पाकिस्तानले अहिलेसम्म औपचारिक प्रतिक्रिया दिएको छैन, तर सुरक्षास्रोतहरूले उनीहरूले कुर्रम जिल्लाबाट अफगान क्षेत्रलाई लक्षित गरेको जनाएको छ, जुन स्पिन बोल्दाकभन्दा उत्तरतर्फ पर्दछ। यो हिंसात्मक घटना दुबै देशबीच हाल चलिरहेको कसिलो सम्बन्ध र आपसी आरोप-प्रत्यारोपको बीचमा भएको हो।

इस्लामाबादले अफगानिस्तानमाथि पाकिस्तानी तालिबान (टीटीपी) को आश्रय दिएको आरोप लगाउँदै आएको छ। झडपको सुरुवात शनिबार साँझ भएको थियो, जब काबुलले सीमा क्षेत्रमा पर्ने कम्तीमा पाँच प्रान्तमा सैन्य कारबाही सुरु गरेको थियो। तालिबानका अनुसार, बिहीबार काबुलमा भएको बम विस्फोटको जवाफस्वरूप पाकिस्तानले हवाई आक्रमण गरेपछि उनीहरूले प्रतिकारमा आक्रमण गरेका हुन्। आइतबार इस्लामाबादले कडा कारबाही गर्ने चेतावनी दिएपछि दुबै पक्षबीच झडप चर्किएको हो, जसमा दुवैतर्फ ठूलो संख्यामा हताहती भएको छ।

### बङ्गलादेशको कपडा कारखानामा आगलागी हुदाँ १६ जनाको मृत्यु

ढाका, २९ असोज (रासस/क्यूएनए)।

बङ्गलादेशको उत्तरी ढाकामा रहेको कपडा कारखाना र नजिकैको रासायनिक गोदाममा आगलागी हुँदा १६ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको जनाइएको छ। अग्निशमन विभागका निर्देशक ताजुल इस्लाम चौधरीले मृतकको सङ्ख्या बढ्न सक्ने उल्लेख गर्दै आगलागीको कारण अहिले सम्म थाहा नभएको बताउनु भएको छ। कपडा कारखानाको दोस्रो र तेस्रो तलामा १६ जनाको शव फेला परेको र खोजी जारी रहेकाले मृतकको सङ्ख्या बढ्ने अनुमान गरिएको चौधरीले जनाउनु भयो। नागरिक सुरक्षा अधिकारीले प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै ढाकाको उत्तरी क्षेत्र मिरपुरमा रहेको कारखाना बाट आगलागी सुरु भई नजिकैको रासायनिक गोदाममा फैलिएको बताउनु भएको छ। यस अघि बङ्गलादेशमा सन् २०१२ मा ढाकामा पश्चिमी देशहरूमा निर्यातका लागि कपडा उत्पादन गर्ने कपडा कारखानामा आगलागी हुँदा कम्तिमा १११ जना कामदारको मृत्यु भएको थियो भने २०० भन्दा बढी घाइते भएका थिए।

### इन्डोनेसियामा तेल ट्याङ्करमा आगलागी हुँदा १० जनाको मृत्यु

जकार्ता, २९ असोज (रासस/सिन्ह्वा)।

इन्डोनेसियाको रियाउ टापु प्रान्तको बाटाम टापुको शिपयार्डमा मर्मत सम्भार भइरहेको तेल ट्याङ्करमा बुधबार आगलागी हुँदा १० जनाको मृत्यु हुनुको साथै अन्य २१ जना घाइते भएको जनाइएको छ। पीडितहरू बटुआजी क्षेत्रको पिटि एएसएल शिपयार्ड इन्डोनेसियामा ट्याङ्कर फेडरलमा काम गर्ने टेक्निसियनहरू रहेको जनाइएको छ। आगलागी स्थानीय समय अनुसार बिहान ४ बजे सुरु भएको जनाइको छ भने बटुआजीका प्रहरी प्रमुख द्वी लाम्बाङले जुन महिनामा एउटा जहाजमा आगलागीको घटना हुँदा चार जना कामदारको मृत्यु भएको बताउनु भएको छ। अधिकारीहरूले आगलागीको कारणबारे अनुसन्धान सुरु गरेको जनाएको छन्।

# पूर्वसभामुख महरालाई थुनामा पठाउन आदेश

**दैनिक समाचारदाता**
**काठमाडौं, २९ असोज ।**

अदालतले पूर्वसभामुख कृष्णबहादुर महरालाई थुनामा पठाउन आदेश गरिएको छ । काठमाडौं जिल्ला अदालतका न्यायाधीश हर्कबहादुर क्षेत्रीको इजलासले बुधबार महरालाई पूर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको हो ।

थुनछेक बहसपछि क्षेत्रीको इजलासले उनलाई थुनामा पठाउने आदेश गरेको हो । २०७९ पुस १० मा चिनियाँ नागरिक लि हासोङ्ले इलेक्ट्रिक चुरोट 'भेप'मा लुकाएर ल्याएको सुन तस्करीमा संलग्न कसुरमा उनी विरुद्ध सीआइबीले अनुसन्धान गरेको थियो ।

महराले भेप प्रकरणमा आफ्नो लगानी र संलग्नता अस्वीकार गरेका छन् । सरकारी वकिलले उनीविरुद्ध सङ्गठित अपराध निवारण ऐन र भन्सार ऐन अन्तर्गतको कसुरमा ८ करोड ५५ लाख २८ हजार बिगो मागदाबी लिएको थियो ।

अदालतको आदेशअनुसार उनलाई केन्द्रीय कारागार सुन्धारा चलान गरिएको छ ।

# निषेधित विभिन्न पटाकाहरु बरामद

**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

सप्तरी प्रहरीले जिल्लाको विभिन्न नाकाहरुबाट निषेधित विभिन्न पटाकाहरु बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरी तथा मातहत कार्यालयबाट विभिन्न मिति र समयमा निषेधित विभिन्न पटकाहरु आतिशबाजी, राधे चकर, फुलझरी लगायत भारतबाट अवैध रुपमा चोरी पैठारी गरी ल्याउदै गरेको अवस्थामा बरामद गरिएको थियो ।

प्रहरीलाई देख्ने बित्तिकै उक्त पटकाहरु छाडी व्यक्तिहरु फरार भएकोमा सो बेवारिसे अवस्थामा रहेका एक लाख ५३ हजार बराबरको पटकाहरु प्रहरी टोलीले नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी कार्यालयमा राखिएको जनाएको छ ।




# बैंक तथा वित्तीय संस्थाले सिएसआरको रकम जेनजी आन्दोलन प्रभावितको हितमा लागि खर्च गर्न सक्ने

काठमाडौं, २९ असोज (रासस) ।

बैंक तथा वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर)को रकम गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका प्रभावितलाई खर्च गर्न पाउने भएका छन् ।

नेपाल राष्ट्र बैंकले 'बैंक तथा वित्तीय संस्थाको संस्थागत सामाजिक उत्तरदायित्वसम्बन्धी मार्गदर्शन, २०८१ (दोस्रो संशोधन)' गर्दै बैंक तथा वित्तीय संस्था र पूर्वाधार बैंकले सामाजिक उत्तरदायित्व वापतको रकम जेनजी आन्दोलनका क्रममा घाइते भएका र सहिदका परिवारका हकमा खर्च गर्न पाउने व्यवस्था गरिएको छ ।

बैंक तथा वित्तीय संस्थाले खुद मुनाफाको एक प्रतिशत बराबरको रकम अनिवार्य रुपमा सामाजिक उत्तरदायित्वमा खर्च गर्नुपर्ने बाध्यकारी व्यवस्था छ ।

केन्द्रीय बैंकले मार्गदर्शनमा संशोधन गर्दै भनेको छ, "जेनजी आन्दोलनका क्रममा घाइते भई सरकारी अस्पतालमा उपचाररत गरिब तथा विपन्न वर्गका नागरिकलाई औषधि उपचारका लागि दोहोरो नपर्ने गरी उक्त अस्पताललाई उपलब्ध गराइने खर्च' गर्न सकिनेछ ।"

यस्तै जेनजी आन्दोलनमा सहिद भएका व्यक्तिका, आय आर्जनका लागि प्रत्यक्ष रोजगारी नभएका परिवारको आय आर्जनको क्षमता अभिवृद्धि गर्न सहयोग पुर्‍याउन नेपाल सरकार वा नेपाल सरकारबाट स्वीकृति प्राप्त सीपमूलक तालिम प्रदान गर्ने संस्थाबाट त्यस्ता व्यक्तिलाई सीपमूलक तालिम प्रदान गरेको आधारमा तालिम प्रदान गर्ने संस्थालाई प्रदान गर्ने खर्चलाई पनि उल्लेख गर्न सकिने प्रबन्ध गरिएको छ ।

# उद्योगको भित्तो भत्किँदा तीन जनाको मृत्यु

चितवन, २९ असोज (रासस) ।

पूर्वी चितवनको रत्ननगरमा रहेको किसान दाना उद्योगको पर्खाल भत्किँदा तीन जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् । रत्ननगर नगरपालिका-१२ शान्तिकुञ्ज टोलमा रहेको दानाको ४ नम्बर भित्तो आज बिहान ९:५० बजे भत्किएको थियो ।

भित्तो भत्किँदा उद्योगमा काम गर्ने पाँच जना घाइते भएका थिए । उनीहरूमध्ये तीन जनाको उपचारका क्रममा मृत्यु भएको हो । मृत्यु हुनेमा खैरहनी नगरपालिका-२ का ४५ वर्षीय सुमरा दराई, गोरखा घर भई हाल रत्ननगर नगरपालिका-१२ बस्ने ४५ वर्षीय रमेश दमाई र सोही स्थानका ४५ वर्षीय कमल गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालले जानकारी दिनुभयो । उनीहरूको चितवन मेडिकल कलेजमा उपचारका त्रममा मृत्यु भएको हो ।

यस्तै घाइते हुनेमा पर्सा घर भई हाल रत्ननगर नगरपालिका-१२ बस्ने ३९ वर्षीय जीतेन्द्र महतो र ४० वर्षीय अकजप्रसाद थारु रहेका छन् । घाइते दुवैको सोही अस्पतालमा उपचार भइरहेको छभने अवस्था मध्यम रहेको खनालले जानकारी दिनुभयो ।

# प्रतिनिधिसभा विघटनविरुद्ध सर्वोच्चमा दश वटा रिट दर्ता

काठमाडौं, २९ असोज (रासस) ।

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनविरुद्ध बुधबार १० वटा रिट निवेदन दर्ता भएका छन् । सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले रिटमाथि आगामी कात्तिक १२ गते सुनुवाइका लागि पेसी तोकिएको जानकारी दिनुभयो ।

प्रवक्ता कोइरालाका अनुसार प्रधानमन्त्रीको नियुक्ति बदर, संसद् विघटन बदर एवं संसद् पुनःस्थापना समेतमा उत्प्रेषण, परमादेश आदेशको माग गर्दै मङ्गलबार पेस भएका १० वटा रिट निवेदन दर्ता भएका हुन् । दर्ता भएका निवेदनमाथि संवैधानिक इजलासमा सुनुवाइ हुनेछ ।

गत भदौ २४ गते भएको जेनजी प्रदर्शनका क्रममा अदालतमा आगजनी, ढुङ्गामुढा, तोडफोड र लुटपाटबाट क्षति पुगेको थियो । त्यसपछि बन्दीप्रत्यक्षीकरण, अत्यावश्यक निवेदन दर्ता र सुनुवाइबाहेक सबै काम स्थगन भएको थियो । मङ्गलबारदेखि रिट निवेदन दर्ता र सुनुवाइ खुलेपछि प्रतिनिधिसभा विघटनविरुद्ध रिट निवेदन आएका हुन् ।

रिट निवेदन पेस गर्नेमा अधिवक्ता डा प्रेमराज सिलवाल, युवराज पौडेल, अधिवक्ता कीर्तिनाथ शर्मा पौडेलसमेत, आयुष बडाल, मकबुल मियाँ, अधिवक्ता खड्कबहादुर शाह, डम्बरप्रसाद शिवाकोटी, अधिवक्ता दलबहादुर धामी, प्रकाश भुजेल र विपिन ढकाल रहनुभएको छ ।

यही असोज २६ गतेको प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतसहित सम्पूर्ण न्यायाधीशको पूर्ण बैठक (फूल कोर्ट) यही असोज २८ रिट निवेदन दर्ता एवम् सुनुवाइको निर्णय गरेको थियो ।

# सडक डिभिजन कार्यालय सिरहाका तत्कालीन कार्यालय प्रमुखसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**दैनिक समाचारदाता**
**सिरहा, २९ असोज ।**

सडक डिभिजन कार्यालय सिरहाका तत्कालीन कार्यालय प्रमुखसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सडक डिभिजन कार्यालय लहान, सिरहाका तत्कालीन डिभिजनल इन्जिनियर (कार्यालय प्रमुख) रविन्द्रलाल दास, तत्कालीन इन्जिनियर शैलेन्द्र कुमार चौधरी र सब-इन्जिनियर चन्द्रकान्त चौधरी र जय धनन्जय रब्बानी जेभी तथा उक्त जेभीको तर्फबाट अधिकारप्राप्त रब्बानी कन्सट्रक्सनका प्रोपराइटर जफिर कवारी विरुद्ध मुद्दा दायर गरेको हो ।

सिरहाको कल्याणपुर नगरपालिका वडा ५ चिकनास्थित प्रदेश सरकारको योजनामा सडक डिभिजन, लहानद्वारा निर्माण व्यवसायीलाई काम गराउन दिएको सडक ढलान कार्य योजनामा भ्रष्टाचार गरेको आरोप छ ।

उनीहरूविरुद्ध जनही २ करोड ३४ लाख ९९ हजार ९ सय ४५ रुपैयाँ २२ पैसा बिगो दाबी गर्दै मुद्दा दायर भएको सर्वोच्चका प्रवक्ता राजेन्द्र कुमार पौडेलले जानकारी दिए ।

भ्रष्टाचार मुद्दा दायर भएका तत्कालीन डिभिजनल इन्जिनियर दासले रेल विभागको महानिर्देशकबाट हालै अवकाश पाएका थिए ।

### छुट्टाछुट्टै...

आर्थिक अवस्था कमजोर भएकाले त्यहाँ उपचार गराउन नसकि कोशी अस्पताल विराटनगरमा उपचार गराएर घर ल्याइएकोमा मंगलबार राति उनको मृत्यु भएको ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरीक्षक लेखबहादुर विष्टले जानकारी दिए ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*